नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

## नं. ५ बिन्ध्याबासिनी बाहिनी मुख्यालय, रुपन्देही चन्द्रौटा कपिलबस्तु

**सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना**

सूचना नम्बर :- ०१ (एक)

प्रथम पटक प्रकाशित मितिः-२०८१/१०/..१४..गते

यस सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्याबासिनी बाहिनी मुख्यालय रुपन्देही, चन्द्रौटा कपिलबस्तुको मौज्दातमा रहेको लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक बोलपत्रदाताले सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्याबासिनी बाहिनी मुख्यालय रुपन्देही चन्द्रौटा कपिलबस्तुबाट आवश्यक जानकारी हासिल गर्न वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. ईच्छुक बोलपत्रदाताहरुले २०८१/१०/२७ गते कार्यालय समय भित्र फिर्ता नहुने गरी रु.१०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) राष्ट्रिय बाणिज्य बैंकको राजश्व खाता नं. १०००१००२०००१०००० मा यस सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्याबासिनी बाहिनी मुख्यालय रुपन्देहीको कार्यालय कोड नं. ३१४०५४९०४, राजश्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित, बोलपत्रदाताको फर्मदर्ता प्रमाण पत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नु पर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन (मिति २०८१/१०/२८ गते) को १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु मिति २०८१/१०/२८ गते १३:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १०% (दश प्रतिशत) रकम सशस्त्र प्रहरी बल, नं. ५ बिन्ध्याबासिनी बाहिनी मुख्यालय रुपन्देही चन्द्रौटा कपिलवस्तुको कार्यालय कोड नं. ३१४०५४९०४, राष्ट्रिय बाणिज्य बैंक, कपिलवस्तु तौलिहवाको कोष तथा लेखा नियन्त्रक, कार्यालयको धरौटी खाता नं. ३११०१००१०२०३०००० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

६. बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

७. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

८. स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १० (दश) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३% (तेह्र प्रतीशत) समेत थप गरि जम्मा हुन आउने रकम दाखिला पश्चात सम्झौता गरि सामान लैजानु पर्नेछ । तोकिएको समय भित्र लिलाम सकार गरेको जिन्सी मालसामानहरु नियमानुसार उठाई नलगेमा बोलपत्र जमानत वापतको रकम नियमानुसार जफत गरि प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

९. उल्लेखित जिन्सी मालसामानहरु हेर्न वा लिलाम सम्बन्धी थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र आई हेर्न र बुझ्न सकिनेछ वा सम्पर्क नं. ९८५१२६०५०४ मा सम्पर्क गरि आवश्यक जानकारी लिन सकिनेछ ।

१०. लिलाम बिक्रि गरिने पुराना सम्पत्ति तथा जिन्सी सामानहरुको (कायम गरिएको न्युनतम मुल्य रु. ५१.९५७.६१/- (अक्षरुपी एकाउन्न हजार नौ सय सन्ताउन्न रुपैयाँ एकसठ्ठी पैसा मात्र))